# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, माघ २६ गते, २०७४ साल (संख्या ५५


## भाग ५

नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरुको मर्यादाक्रम देहाय बमोजिम निर्धारण गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

**मर्यादाक्रम :**

| | |
|---|---|
| १ | राष्ट्रपति |
| २ | उपराष्ट्रपति |
| ३ | प्रधानमन्त्री |
| ४ | प्रधान न्यायाधीश |
| ५ | प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष |


अधिकारप्राप्त मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र मान्य हुनेछ।

| | |
|---|---|
| ६ | पूर्व राष्ट्रपति, उपप्रधानमन्त्री |
| ७ | प्रदेश प्रमुख, मन्त्री, प्रतिनिधि सभाका विपक्षी दलका नेता, राष्ट्रिय सभाका विपक्षी दलका नेता, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्व अध्यक्ष, पूर्व प्रधानन्यायाधीश, प्रतिनिधि सभाका उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, व्यवस्थापिका-संसदका पूर्व सभामुख, संविधान सभाका पूर्व अध्यक्ष, प्रतिनिधि सभाका पूर्व सभामुख, राष्ट्रिय सभाका पूर्व अध्यक्ष, पूर्व उपप्रधानमन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री |
| ८ | राज्यमन्त्री, प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका विभिन्न समितिका सभापति/ अध्यक्ष, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख, महान्यायाधिवक्ता, सहायक मन्त्री, प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सदस्य, पूर्व मन्त्री |
| ९ | संवैधानिक निकायका सदस्य तथा आयुक्त, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति, संघीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, उच्च अदालतका मुख्यन्यायाधीश, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रज्ञा प्रतिष्ठानका कुलपति, विश्वविद्यालयका उपकुलपति |
| १० | प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, राष्ट्रिय योजना आयोगका सदस्य |
| ११ | नेपाल सरकारका सचिव, नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृत, सर्वोच्च अदालतका रजिष्ट्रार, नायब महान्यायाधिवक्ता, उपमहालेखापरीक्षक, प्रदेश सरकारका प्रमुख सचिव, प्रज्ञा प्रतिष्ठानका उपकुलपति, विश्वविद्यालयका प्राध्यापक, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, नेपाली राजदूत |
| १२ | रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान निर्देशक (राष्ट्रिय अनुसन्धान विभाग), नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका आवासीय संयोजक |
| १३ | प्रदेश सभाका उपसभामुख, प्रदेश सरकारका राज्यमन्त्री, प्रदेश सभाका विभिन्न समितिका सभापति, उच्च अदालतका न्यायाधीश, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, मुख्य न्यायाधिवक्ता |
| १४ | प्रदेश सरकारका सहायक मन्त्री, प्रदेश सभा सदस्य |

| | |
|---|---|
| १५ | जिल्ला समन्वय समितिका प्रमुख, महानगरपालिकाका प्रमुख, पूर्व राज्यमन्त्री, पूर्व सहायक मन्त्री, संविधान सभा/व्यवस्थापिका-संसद/प्रतिनिधि सभा/राष्ट्रिय सभाका पूर्व सदस्य |
| १६ | उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक |
| १७ | प्रदेश लोक सेवा आयोगका सदस्य, प्रदेश न्याय सेवा आयोगका सदस्य |
| १८ | उपमहानगरपालिकाका प्रमुख, महानगरपालिकाका उपप्रमुख, नेपाल सरकारका सहसचिव, राजपत्राङ्कित प्रथम श्रेणीका प्रमुख जिल्ला अधिकारी, महानिर्देशक, उपमहानिर्देशक, राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत, प्रदेश सरकारका सचिव, जिल्ला न्यायाधीश, विश्वविद्यालयका सहप्राध्यापक |
| १९ | सहायक रथी, प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक, प्रदेश सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत, स्थानीय तहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत |
| २० | नगरपालिकाका प्रमुख, उपमहानगरपालिकाका उपप्रमुख, नेपालस्थित विदेशी कन्सल जनरल, नेपालस्थित अन्य अन्तरसरकारी संस्थाका प्रमुख |
| २१ | गाउँपालिकाका अध्यक्ष, नगरपालिकाका उपप्रमुख, महासेनानी, प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक |
| २२ | राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख जिल्ला अधिकारी, नेपाल सरकारका उपसचिव, निर्देशक, नेपाल सरकारका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक, विश्वविद्यालयका उपप्राध्यापक, गाउँपालिकाका उपाध्यक्ष |
| २३ | सेनानी, प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनुसन्धान अधिकृत, प्रदेश सरकारका उपसचिव, स्थानीय तहका उपसचिव, प्रदेश सरकार तथा स्थानीय तहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत |
| २४ | सहसेनानी, नेपाल सरकारका शाखा अधिकृत, राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत, विश्वविद्यालयका सहायक प्राध्यापक |

| | |
|---|---|
| २५ | उपसेनानी, प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत |
| २६ | प्रदेश सरकारका शाखा अधिकृत, स्थानीय तहका शाखा अधिकृत, प्रदेश सरकार तथा स्थानीय तहका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत |
| २७ | सहायक सेनानी |

द्रष्टव्यः

१. पदाधिकारीका पति वा पत्नीलाई आमन्त्रण गरिएको औपचारिक समारोहमा निजहरूको मर्यादाक्रम सम्बन्धित पदाधिकारीको मर्यादाक्रमअनुसार नै कायम हुनेछ।

२. एउटै क्रममा रहेका पदाधिकारीको मर्यादाक्रम यस मर्यादाक्रममा उल्लेख भएको क्रमअनुसार हुनेछ।

३. नेपाल सरकारको सेवामा पदाधिकार रहेको नेपाली महावाणिज्यदूतको मर्यादाक्रम आफ्नो पदाधिकार अनुसारको हुनेछ।

४. यस मर्यादाक्रममा उल्लेख नभएका महानुभावहरूलाई कुनै सरकारी निकायले कुनै समारोहमा सम्मिलित गराउनु पर्ने अवस्था परेमा वा मर्यादाक्रम निर्धारणका सम्बन्धमा कुनै द्विविधा भएमा सम्बन्धित निकायले नेपालीको हकमा गृह मन्त्रालय र विदेशीको हकमा परराष्ट्र मन्त्रालयसँग सम्पर्क राखी कुन क्रममा राख्ने हो तोक्ने र त्यसको जानकारी गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

५. नेपाल सरकारको अधिकृत प्रदेश सरकार र स्थानीय तहमा खटिएको अवस्थामा निजको मर्यादाक्रम साबिकको नेपाल सरकारका अधिकृत बमोजिम नै हुनेछ।

६. खण्ड ६२, सङ्ख्या ४८, मिति २०६९।११।१४ को नेपाल राजपत्रमा प्रकाशित मर्यादाक्रम सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

**आज्ञाले,**

**मोहनकृष्ण सापकोटा**

**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३